नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१६४ दायर मितिः-२०८१/०७/१३**

**फैसला मितिः-२०८१/०८/०४**

**वादी**

साधु हजरा दुसाधको जाहेरीले

नेपाल सरकार..........................१

**प्रतिवादीहरु**

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.२८ बस्ने मंगल राउत कुर्मीको छोरा वर्ष ५४ को दिनानाथ पटेल भन्ने दिनानाथ राउत कुर्मी समेत २ जना ..१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हामीले जाहेरवालासँग समान्य वादविवाद गरेका हौं भन्ने प्रतिवादीहरुको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका जय गोबिन्द पासवान समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीहरुले ईन्कारी बयान गरेता पनि मेरो श्रीमती कुन्ती देवीको नाउँमा समता घरेलु लघुबित बित्तिय संस्थामा खाता र बिमा संचालन रहेकोमा श्रीमतीको स्वर्गबास भएपछि श्रीमतीले पाउने बिमा रकम मध्येबाट सोही संस्थाका सदस्य र प्रबन्धक दिनानाथ पटेल भन्ने दिनानाथ राउत कुर्मी र पण्डित ओझा भन्ने पण्डित ओझा ब्राम्हणले केही रकम लिएकोले उक्त रकम निजहरुसँग माग गर्दा मिति २०८१।७।४ गते अ.१०:०० बजेको समयमा निजहरु आवेशमा आई मलाई अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज तथा हातपात गर्दै अभद्र व्यवहर गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु दिनानाथ पटेल भन्ने दिनानाथ राउत कुर्मी र पण्डित ओझा भन्ने पण्डित ओझा ब्राम्हणलाई कैद दिन ८, जरिवाना जनही रु.१००००/- अक्षेरुपी दस हजार र क्षतिपूर्ती शुल्क जनही रु.४००/- अक्षेरुपी चार सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु दिनानाथ पटेल भन्ने दिनानाथ राउत कुर्मी र पण्डित ओझा भन्ने पण्डित ओझा ब्राम्हणलालाई ठहरेको कैद दिन ८ को हकमा निजहरु मिति २०८१/०७/०५ देखि २०८१/०७/१२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा क्रमशः र.नं.११३ र ११४/२०८१/०७/१३ बाट दाखिला गरेको जनही धरौटी रकम रु१०४००/- बाट जरिवाना रकम जनही रु.१००००/- र क्षतिपूर्ती शुल्क जनही रु.४००/- कट्टी गर्नु-----------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

गणेश अर्याल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ मंसिर महिना ४ गते मंगलवार रोज ३/ ने.सं. ११४५ कछलागा चतुथा, शुभम् .......